स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक




'दुई नम्बरी'बाट नेपाली फिल्ममा डेब्यु गरेकी चर्चित भुटानी अभिनेत्री उगेन छोदेनको कमब्याक पक्का भएको छ । वैशाखदेखि छायांकन हुने फिल्ममा उनलाई शीर्ष भूमिकामा लिएर किरण नेपालीले फिल्म बनाउन लागेका छन् । उनका अनुसार 'दुई नम्बरी'को सिक्वेलमा उनलाई कास्ट गर्नेबारे तयारी भइरहेको छ । केही दिनअघि निर्माता नेपालीले फेसबुकबाट छोदेनसँगको तस्वीर सेयर गर्दै दोस्रोपटक सहकार्य गर्न लागेको बताएका थिए ।

**आजको विचार...**



लालकाजी शाक्य

ला... (दुई पेजमा)



कुनै समय एउटै सेड्युलमा ३/४ वटासम्म फिल्मको छायांकनमा व्यस्त रहने गरेका सुपरस्टार निखिल उप्रेती विगत ६/७ वर्षदेखि पर्दाबाट गायल छन् । यो अवधिमा उनले प्रस्ताव आएका धेरै फिल्म अस्वीकार गरे । बरु जीवन र जगतका बारेमा आफ्नो अर्थपूर्ण र तर्कपूर्ण अभिव्यक्तिका कारण उनी चर्चामा रहने गरेका छन् । जसले उनीप्रतिको बुझाई र दृष्टिकोणमा नै परिवर्तन ल्याएको छ । 'एक्सन स्टार'को रुपमा कहलिएका निखिल अब हलिउडको मार्भल स्टुडियोको फिल्मबाट प्रभावित भएर सुपरहिरो फिल्म बनाउने योजनामा छन् ।

❑ वर्ष २९ ❑ अंक ५१ ❑ २०८० भदौ २० गते बुधबार 6 September 2023, Wednesday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### ग्रेटवाल भत्काउने दुई पक्राउ

**(रासस/एनआई)**

**बेइजिङ,** भदौ १९/चीनको विशाल पर्खाल अर्थात् ग्रेटवाल भत्काएको अभियोगमा दुई जनालाई पक्राउ गरिएको छ । उत्तरी शान्क्सी प्रान्तमा उत्खनन यन्त्र प्रयोग गरी ग्रेटवाल को एक भागमा क्षति पुऱ्याएको आरोपमा उनीहरूलाई पक्राउ गरिएको केबल न्युज नेटवर्क (सिएनएन) ले जनाएका छ । राज्य सञ्चालित प्रसारण संस्था चाइना सेन्ट्रल टेलिभिजन (सिसिटिभी) लाई उद्धृत गर्दै सिएनएनले जनाएअनुसार याङकियानहे टाउनशिपमा पर्खालमा ठूलो खाडल खनिएको युयु काउन्टीका अधिकारीहरूले अगस्ट २४ मा जानकारी प्राप्त भएको बताएका छन् । सुरक्षा अधिकारीहरूले अनुसन्धान जारी राखेका छन् । बत्तीसौँ ग्रेट वाल खण्डका कारण पर्खाल पारी जान लामो बाटो हिँड्नुपर्ने भएपछि एक जना ३८ वर्षीय पुरुष र ५५ वर्षीया महिलाले उत्खनन यन्त्र प्रयोग गरी पर्खाल भत्काएर छोटो बाटो (सर्टकट) बनाएको प्रारम्भिक अनुसन्धानबाट खुलेको अधिकारीहरूले बताएका छन् । यो घटनाबाट राष्ट्रिय अखण्डता र सुरक्षामा खलल पुगेको उनीहरूले बताएका छन् ।

# परम्परागत घारमै मौरीपालन

**रासस**

**रामपुर (पाल्पा),** भदौ १४/कुनै समय गाउँमा सबैका घरमा परम्परागत (मुढेघार) घारमा मौरी हुन्थे । एक अर्का परिवारबीच कसले कति मह उत्पादन गर्ने विषयमा प्रतिस्पर्धात्मक ढङ्गले मौरीपालन गरिन्थ्यो । औषधीय गुण मानिने, खाँदा स्वादिलो हुनाले पनि पाल्पाका गाउँ बस्तीमा आँगनका डिल, घरका बार्दली, भित्तामा लहरै राखिएका मुढेघारमा मौरी पालिन्थ्यो । मह काढ्ने समय भएपछि कसका घरमा कसले कति निकाल्यो भन्ने गाउँभरि नै चर्चा हुन्थ्यो । तर अहिले भने यसरी परम्परागत ढंगले मौरीपालन गर्ने चलन गाउँमा कम हुँदै गएको छ । गाउँमा बस्ने बुढापाकाले परम्परागत रुपमा आफूले गरिआएको व्यवसाय झट्ट हटाउन नसक्दा केहीले निरन्तरता दिएका छन् । पहिलेको तुलनामा घारको संख्या भने घटाउँदै गएका छन् ।



रामपुर नगरपालिका-१ कुमैडाँडामा गोवर्द्धन वंशीको घरमा पुरानो शैलीमा घरकाभित्ता, बार्दलीमा लहरै मुढेघार छन् । परम्परागत व्यवसाय गाउँमा सबैले छाड्दै गएको अवस्थामा उनले भने निरन्तरता दिइरहेका छन् । उनले गाउँमा जंगलबाट उडेर आएका मौरी छोपेर घारमा राखेर पाल्न सुरु गरेका हुन् । माउको संख्या वृद्धि हुँदै जाँदा गोला छुट्टाएर क्रमिक रुपमा घार विस्तार गर्दै गएको उनले बताए । उनका घरमा हाल १३ वटा परम्परागत (मुढेघार) र एकवटा आधुनिक घारमा मौरी छन् । मुढेघारमा मौरी पाल्न समस्या छैन । तैपनि हिजोआज गाउँमा धेरैले छाड्दै गएका छन् । घार तयार पार्न गाउँमा काठपातमा लगानी गर्नुपर्दैन । आफ्नै खरबारीका काठले घार तयार हुन्छन् । चिलाउने, कटुस, क्यामुना, टुनीलगायतका काठबाट मौरी बस्न मिल्ने खालको हातले नै कुँदेर घार तयार पारी मौरीगोला राख्ने गरेको वंशी बताउँछन् ।

उनले एक वर्षमा ५० मानासम्म मह उत्पादन गर्छन् । प्रतिमाना रु एक हजारमा अहिले मह धमाधम बिक्री भइरहेको छ । मौसम राम्रो भएका बेला मह धेरै उत्पादन लिन सकिन्छ । खडेरीयाममा भने उत्पादन घट्ने उनको भनाइ छ । "दुई छोरा रामपुरको बजार क्षेत्रमा बसोबास गर्छन्, हामी श्रीमान श्रीमती गाउँमै बसेर मौरीपालन, बाख्रा, भैंसी, कुखुरापालन, कोदो, मकै, गेडागुडी खेतीमै भुलेका छौँ", उनले भने, "गाउँ छाडेर शहर बजारमा किनेर खानुभन्दा आफ्नै पौरखमा रमाउँदाको मज्जा नै बेग्लैछ" । तीन/तीन महिनामा पनि मह निकाल्न सकिने हुँदा एकै घारमा राम्रो समय परेका बेला सात मानासम्म मह निकालेको वंशीले अनुभव सुनाए । माउ धेरै भएमा तीन/तीन महिनामा उकम हुँदाका बखत छ/छ महिनामा उनले मह काढ्छन् उनका अनुसार मह निकाल्नका लागि असार, साउन, माघ, चैत महिना उपयुक्त समय हो । पहिलाजसो ठूलो संख्यामा वस्तुभाउ पालन गर्न नसकिए पनि थोरै-थोरै भएपनि गाउँमै बसेर पशुपालन, खेतीपातीमा समय बिताउने माध्यम बनेको उनको भनाइ छ । कुमैडाँडा क्षेत्रमा करिब ६५ घरपरिवारको बसोबास छ । पहिला सबैका घर-घरमा मौरीघार राखिन्थ्यो । अहिले भने पाँचदेखि सात घरपरिवारमा मात्रै सीमित बन्न पुगेको छ । रामपुर १ मकैडाँडाका राजकुमार खत्रीको घरमा अहिले १२ मुढेघार छन् । तीमध्ये सात घारमा मौरी छन् । विसं २०५५ देखि परम्परागत घारमा मौरीपालन गर्दै आएका खत्री अहिले भने पहिलाको तुलनामा कम घारमा मौरीपालन गरिएको बताउँछन् ।

जंगलबाट उडेर आएको मौरी छोपेर घारमा पाल्न थालेका खत्रीले हरेक वर्ष त्यसबाटै गोला विभाजन गरी घार बढाउँदै गएको बताएका छन् । उनी भन्छन्, 'हिजोआज गाउँमा बस्नेक्रम पातलिँदै गएको छ, हाम्रो परिवार अहिले गाउँदेखि तल बेँशीमा पनि बसोबास गरेपछि (दुई ठाउँमा बसोबास हुँदा) मौरीपालन व्यवसाय कम हुँदै गएको छ ।' परिवार दुई ठाउँमा बसोबास गर्दा रेखदेख गर्न अप्ठ्यारो भएकाले घार घटाउँदै गएको उनले बताए । खत्रीले दुईदर्जन बढी घारमा मौरीपालन गर्दा वर्षमा ७० मानासम्म मह उत्पादन गर्ने खत्रीले हिजोआज भने वर्षमा १२ देखि १५ मानासम्म मह उत्पादन हुने गरेको अनुभव बताए । मुढेघारको मह औषधिका लागि प्रयोग हुने भएकाले विदेशमा बसोबास गर्ने नेपालीको मागअनुसार विभिन्न देशमा मह पुऱ्याएका खत्रीका घरमा अहिले पनि मह खरिद गर्न जाने गर्छन् । तर उत्पादन कम हुँदा धेरैलाई रित्तो हात फर्काउनुपरेको छ ।

पुख्यौंली व्यवसायलाई निरन्तरता दिन व्यवसाय गर्न आवश्यक पर्ने सामग्री तथा उत्पादित वस्तुको बजारमा खपत गराउन वडा कार्यालय तथा नगरपालिका कार्यालयबाट सहयोग गर्ने नगर प्रवक्ता एवम् वडाध्यक्ष कपिलबहादुर खाण बताउँछन् । "गाउँमा उत्पादन भएका विभिन्न उपभोग्य वस्तु पोखराको न्युरोडमा रहेको पाल्पा हाउसमा राखेर बजारीकरण गरिदिने विषयमा छलफल भइरहेको छ", उनले भने, "स्थानीयले बाहिर लगेर बिक्री गर्ने उद्देश्यले उत्पादनलाई बढाउनुपऱ्यो ।" व्यवसायमा लगानी गर्न नपर्ने, सामान्य रेखदेख गरेर पनि यस व्यवसायबाट मनग्य कमाउन सकिन्छ । मानिसहरुले पछिल्लो समय परम्परागत मौरीपालन अहिले छाड्दै गएको उनको भनाइ छ । मौरीपालनमा सोख भएकाले बजारमा आधुनिक घार खरिद गरेर घरमा पाल्ने गरेको पाइन्छ । मह बेचेर मनग्य आम्दानी गर्न सकिने, लगानीमा धेरै रकम खर्च गर्न नपर्ने, बिक्रीका लागि बजार सहज हुँदा परम्परागत मौरीपालन व्यवसायिलाई निरन्तरता दिन सकियो भने स्थानीयवासीको आयस्रोतमा टेवा पुग्ने उनको भनाइ छ ।






# आज श्री कृष्णजन्माष्टमी पर्व मनाइदैं

**पाल्पा,** भदौ १९/आज श्रीकृष्ण जन्माष्टमी पर्व श्रीकृष्णको पूजा आराधना गरी मनाइदैं छ । ज्ञानयोग, कर्मयोग र भक्तियोगका प्रणेता श्रीकृष्णको जन्म द्वापरयुगको अन्त्यतिर भाद्र अष्टमीको मध्यरातमा भएको सम्झनामा यो पर्व मनाउने गरिएको हो ।

कंसको अत्याचारबाट मानवजातिलाई मुक्ति दिनका लागि वासुदेव र देवकीको गर्भबाट विष्णुको आठौं अवतारका रुपमा श्रीकृष्णको जन्म भएको धार्मिक मान्यता छ । श्रीकृष्णले आजीवन सत्यको पक्षमा रही सत्कर्मका लागि मानव समुदायलाई प्रेरित गरेको मानिन्छ । कौरव र पाण्डवका बीचमा कुरुक्षेत्रमा भएको धर्मयुद्धमा सत्यको



पक्षमा रहेका पाँच पाण्डवमध्येका अर्जुनको सारथीका रुपमा श्रीकृष्णले युद्धको शिक्षा दिएका थिए ।

*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## सबैमा चेतना भया...!

नेपालको राजनैतिक वृतमा अहिले अनियमितताको बाढी आएको आभास हुन्छ । नेता र दलीय रुपमा वर्चस्व कमाएका कतिपय जिम्मेवार व्यक्तिहरु र उनका परिवारले गरेका अनियमितताका कारण पनि अहिले, अब मुलुकमा केही कतैबाट पनि जनताका पक्षमा काम हुन नसकेका समस्याहरु दिनप्रति दिन उजागर हुँदै गएका छन् । त्यसकारण पनि जनताको चाहना र समस्याहरुको पहिचान हुन सकिरहेको छैन । नुनदेखि सुन काण्ड सम्मका अनियमितताले गर्दा देश आर्थिक रुपमा कमजोर हुँदै गएको आभास हुन थालेको छ । यसरी समस्याहरुको पहिचान नगरी, एक पछि अर्का पार्टीका ठूला नेताहरु अनियमितताका काण्डमा मुछिएका कारण राजनैतिक चरित्रमै नराम्रोसंग धक्का पुग्ने काम भएको आभास हुन थालेको छ । देशले अब इमानदार नेताको खोजी गरिरेहेको भएता पनि त्यस्तो खालको नेताले जिम्मेवारीका साथ काम गर्न पाएको देखिदैन ।

निजी क्षेत्र आफैमा दिन प्रतिदिन धराशाही अवस्थाबाट गुज्रिनुपर्ने बाध्यता देखिन्छ भने, राजनैतिक अराजकता र सरकारका जिम्मेवार निकायहरु जनता प्रति उत्तरदायी नभएको अवस्थाले आम नेपाली जनतालाई चिन्तित बनाएको छ । यी र यस्ता सबै खाले समस्याको समाधान र राजनैतिक दलहरुमा हुनुपर्ने जनदायित्ववोध नहँुदासम्म मुलुकले मुहार फेर्न सक्दैन र त्यसको सबै दोषारोपणको भार राजनैतिक दलहरुले बेहोर्ने बाहेक केही पनि हुन सक्दैन भन्ने कुरामा सम्बन्धित सबैको ध्यानाकर्षण होस् । यही नै आजको आवश्यकता हो ।

## Opinion @ Social Network

सम्बन्धलाई हैसियतको नजरले कहिले पनि नहेर्नुस्
किनकी अक्सर साथ निभाउने गरिब नै हुन्छन् मन बिनाको धनको कुनै अर्थ हुँदैन।
*(सम्झना दंगाल मगरको फेसबुक स्टाटसबाट www.facebook.com/magarnisamjhana.dangal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# ला व खैँ अर्थात 'लाखे'



## लालकाजी शाक्य

*लाखे भनेको मानव समाजदेखि टाढा बसेर मानिसलाई दुःख दिने, सताउने, मान्छे मारेर खाने सम्पत्ति लुट्ने प्रवृति भएको दानविय शक्ति भएको राक्षस हो । मानिस भएर पनि गलत बाटो समातेर अरुलाई दुःख दिने हुनाले मानिसले त्यागेकाले मानवबस्तीबाट टाढा बसेर जीविकोपार्जन गर्न विभिन्न गलत काम गर्ने भएकाले राक्षस भनेका हुन् । यिनीहरुले आफू भन्दा कमजोर देवतालाई पनि सताउने गर्छन् ।*

हिजोआज देश लाखेमय भएको छ ! के बालख के युवा जस्ले पायो पैसाको लोभले लाखे निकालेर अर्थ न बर्थ बुरुक्क बुरुक्क उफ्रेर छाँट न काँट नाचेर जे मन लाग्यो त्यही गरेको देखियो । यो खास विशुद्ध नेवारी चलन हो । हिजोआज सबै जातिले यस्को महत्व बुझेर लाखे नचाउँछ । लाखे नचाउनेसंग लाखे के हो ? लाखे किन नचाईन्छ ? भनेर सोधे जवाफ दिन सक्दैन, के गाउँ के सहर, के गल्ली जहाँ पनि साँझ पर्ना साथ लाखे निकाल्न सुरु गरिहाल्छ । लाखेको बारेमा केन्द्रीत रहेर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

**लाखे भनेको के हो ?**

लाखे भनेको मानव समाजदेखि टाढा बसेर मानिसलाई दुःख दिने, सताउने, मान्छे मारेर खाने सम्पत्ति लुट्ने प्रवृति भएको दानविय शक्ति भएको राक्षस हो । मानिस भएर पनि गलत बाटो समातेर अरुलाई दुःख दिने हुनाले मानिसले त्यागेकाले मानवबस्तीबाट टाढा बसेर जीविकोपार्जन गर्न विभिन्न गलत काम गर्ने भएकाले राक्षस भनेका हुन् । यिनीहरुले आफू भन्दा कमजोर देवतालाई पनि सताउने गर्छन् । यिनीहरुको अगाडि मानिस जान डराउँछन् । यिनीहरुसँग सकेसम्म जोगिने प्रयास गर्छन् । गाउँ, वस्ती नजिक राक्षस आयो भने गाउँ वस्ती खाली नै गरेर मानिसहरु भाग्छन् ।

**कहाँबाट आएको थियो ?**

कसैकसैको भनाई अनुसार दक्षिणतिरका मानिस नेपाल आउने क्रममा मानिस मारेर खान पाउने लोभले पिछा गर्दै नेपाल छिरेका हुन् भन्छन् । कसैले मंगोल तिरबाट मंगोलहरुसंग आएको अनुमान गरेका छन् । सहिकुरा कसैले भन्न सक्दैन । यो सोधको कुरो भएको छ, पुराना बुढापाकाहरुले भनेको सुनेको पढेको कथा यहाँ प्रस्तुत गर्दैछु । किंवदन्ती अनुसार त्यो बेलाको कान्तिपुर हिजोआजको जस्तो बिशाल थिएन । सानो वस्ती अथवा गाउँ जस्तै थियो । उत्तरमा सोन्हखुट्टे, पुर्वमा भद्रकाली, बिचमा बशन्तपुर, पश्चिममा विस्णुमती, दक्षिणमा टेकु यही चार किल्लालाई यें अर्थात् काठमाडौं भन्ने गरिन्थ्यो । यहि खाल्डोमा नेवारको वस्ती थियो संसार थियो । यिनीहरुको जिविका खेतिबारी गरेर नै चल्दथ्यो । धेरै जसो ज्यापू, गुरुज्यु, शाक्य, बज्राचार्य, गुभाजुहरु बस्थे । यिनीहरु तन्त्रमन्त्र पुजापाठ गरेर नै जीवन धानेका थिए ।

आजभन्दा करिब एघार सय वर्ष अगाडि एउटा यस्तो घटना घट्यो कि नेपाल खाल्डोमा खेती गर्नै मुस्किल भयो । त्यहाँका बासिन्दाले कति पुजापाठ गरे तर केही सीप लागेन । हार मानेर गुरुज्यु कहाँ गएर आफ्नो दुःख पीडा पोखे, गुरुज्युले ध्यान दृष्टिले हेर्दा तलेजु भवानीलाई ल्याएर मन्दिर बनाई स्थापित गरेमा समस्या हल हुने बताए । यति कुरा सुनेपछि पाँच जना ज्यापु र केही गुरुज्यु मिलेर तलेजु भवानीको खोजीमा हिंडे । केही दिनको प्रयासपछि तलेजु भवानीले तपस्या गर्दै गरेको गुफामा पट्टी लगाएर भित्र छिर्न खोज्दा गुफाभित्र असंख्य राक्षसहरु एक आपसमा झगडा गरिरहेका थिए । तान्त्रिक गुरुज्युले आफ्नो शक्तिद्वारा सबैलाई सुताईदिए, तर एक जना बलियो राक्षसलाई केहि गरेपनि सुताउन सकेन हार मानेर तलेजु भवानीको आरधना गरेपछि भवानी प्रकट भएर राक्षसलाई शान्त गरी समस्या सुनेर हल गरिदिने बचन दिनुभयो । बचन अनुसार तलेजुभवानीसंगै आउन तयार भइन् । गुरुज्युहरुले भवानीलाई साथ लिएर आउँदा सबैलाई भित्र आउन दिए तरसंगै आएको राक्षस मजिपालाई दुःख दिनेभएकाले त्यहाँको बासिन्दाले भित्र छिर्न दिएनन् । तलेजुको स्थापना पछि खेती राम्रो भयो । विचरा मजिपा एक्लो भएपछि दिनरात रुँदै हिंड्न थाले सधैंभरी रुदै गर्दा त्यहाँका बासिन्दाको पनि मन पग्लियो यो कुरा राजा कहाँ जाहेर भयो । राजा आएर रुनुको कारण सोधे आफु एक्लो भएकोले रोएको र आफुलाई मानिससंग बस्न दिए यही बस्ने थिए भनी बिन्ती गरे । राजाले भने तिमी राक्षसजाती तिम्रो केही भरोसा छैन, राति सबै सुतेको बेला मानिस मारेर खायौ भने ? मजिपा राक्षसले त्यस्तो केहि गल्ती नगर्ने बचन गरे । राजाले त्यसो भए मानिसको रक्षा गरेर बस भनेपछि त्यहाँका बासिन्दाले भित्र आउनदिए । आफ्नो बचन अनुसार मानिसको दुःख सुखमा साथ दिन थाले । भवानीले मजिपा राक्षसको रिस शान्त पारिदिएकोले यिनलाई शान्त भैरव भन्न थालियो ।

**लाखे नाम कसरी रहन गयो ?**

माथि लेखिएको भनाई अनुसार जब राजाले मजिपालाई भित्र आउन दिने क्रममा सोधे तिमी राक्षसजाति तिमीले मान्छे मारेर खाने जात यहाँ बसे पछि के खान्छौ ? मजिपाले भने मलाई मासु र अण्डा भएपुग्छ । राजाले पनि उनको माग अनुसार मासु र अण्डा खुवाएर राखे । मासु र अण्डा खाने भएपछि मजिपालाई लाखे भन्न थालियो । नेवारीमा मासुलाई (ला) र अण्डा लाई (खैँ) भनिन्छ । ला र खैँ शब्द अप्रभंस भएर लाखे भन्ने गरियो । यहि नामबाट मजिपा राक्षसको नाम मजिपा लाखे रहन गयो ?

**कहिले निकाल्ने लाखे ?**

ठाउँ अनुसार लाखे निकाल्ने गरिन्छ । तानसेनमा गाठेमंगलदेखि निकालिन्छ । बुटवलमा नागपंचमी देखि, काठमाडौंमा येंयापुन्ही एकसाता र अन्य ठाउँमा आफ्नो समय अनुकुल निकालिन्छ । केहि वर्ष तानसेनबाट लोप नै भैसकेको लाखे केही युवाको जोस जाँगरले पुनःलाखे नाँच निकालिन थालेको छ । यस्को लागि सबैलाई धन्यवाद दिनै पर्छ ।

**लाखे निकाल्ने विधि**

हिजोआज जो कोहिले पैसा र मनोरञ्जनको लागि लाखे निकालिन्छ । यो गलत हो, लाखे राक्षसी स्वभाव भएपनि मानिसको रक्षक भएकाले पैसाको लागि लाखे नचाउन हुन्न । लाखे निकाल्नुभन्दा पहिला विभिन्न विधि पुऱ्याउनु आवश्यक छ । लाखे निकाल्नु पुर्व राम्रो तरिकाले महिनौ तालिम गर्नुपर्छ । तालिम गर्ने बेलाम समेत लाखेको आरधना गरी धुप दिप बालेर सिपालु गुरुबाट सिक्ने गर्नुपर्छ । जथाभावी नाच्न थालियो भने राम्रो पनि हुन्न र अनर्थ पनि हुन सक्छ । तालिम पूरा भएपछि लाखे निस्कने दिन बिहानै उठेर स्नान गर्नुपर्छ । महिनावारी भएकी आईमाईले छुनहुन्न । चोखो बस्नुपर्छ । साँझपख लाखे निकाल्ने बेला गुरुज्युले सुकुण्डा कलस स्थापना गरेर गणेशको पुजा गरिसकेपछि लाखेको आरधना गरी गुरुज्युले लाखे बन्ने व्यक्तिको हातमा हाँसको अण्डा, माछा, मासु, दही, रक्सीको सगुन दिइन्छ । त्यसपछि सम्पूर्ण गुठी भाईलाई समयबजी भोज खुवाउनुपर्छ । लाखेको मुखौटालाई पनि विधिपूर्वक पुजा गरेर गुरुज्युको हातले नै मुखौटा लगाईदिने गर्छ । लाखे नचाएर फर्किंदा पनि गुरुज्युद्वारा विधिपूर्वक पुजा गरेर मात्र भित्राईन्छ ।

**झ्यालिन्चा (जोकर)**

जोकर हुने व्यक्ति सकभर बच्चा नै हुनुपर्छ । किनभने राजाले मजिपा लाखेलाई मासु अण्डा खुवाएर राखेपछि किसानहरु खेतमा काम गर्न गएको बेला आफ्नो छोराछोरी मजिपाको जिम्मा लगाएर जान्थे । मजिपा लाखे दिनभरजसो किसानको छोराछोरीसंग रमाई उफ्रीउफ्री खेल्न लागे । बच्चा भनेपछि हुरुक्कै हुन्थे । त्यसकारण लाखे नचाउँदा बच्चालाई नै जोकर बनाउनुपर्छ । लाखेले बच्चालाई केही गर्दैन, तर नाचको क्रममा लाखेले समात्यो भने जरिमाना तिर्नुपर्छ ।

**लाखे कहिले देखि नचाउन थालियो ?**

किंवदन्ती अनुसार बि.स. ११ सय वर्षको आसपास मजिपा लाखेपालाको राजाको मृत्युपछि राजा गुणकामदेवले लाखे नचाउने चलन चल्तीमा ल्याएको हो । राजा गुणकामदेवले लाखेलाई त्यसै राख्नुको सत्ता मनोरञ्जन गरेर लाखे नचाउने चलन चलाएको हुनुपर्छ । नेपालको पहिलो लाखे मजिपा भनेमा फरक पर्दैन । किनकी राजाले नै ला व खैँ मजिपालाई पहिलो पटक खुवाएको थियो । त्यहिबेलादेखि लाखे भन्ने चलन चल्यो ।

**लाखेको नाम**

लाखेको नाम पनि ठाउँ अनुसार राखेको पाईन्छ । काठमाडौंमा मजिपा लाखे, पाटनमा मिप्वा लाखे, कुनै ठाउँमा जुजु लाखे, मजिपालाखे लाईनै जुजु लाखे भनिन्छ । राजाले पालेर राखेको र राजाको मनोरञ्जन गर्ने भएकोले जुजु लाखे भन्ने गरियो ।

**बिसर्जन कहिले गर्ने ?**

यस्को कुनै सीमा छैन आ(आफ्नो ठाउँ र प्रचलन अनुसार बिसर्जन गरिन्छ । पाल्पा तानसेनको लाखे कृष्ण जन्माष्टमीको दिन भगवती माईको मन्दिरमा केहीबेर नचाई बन्दुक हानी लाखे मारेपछि बिसर्जन भएको मानिन्छ । काठमाडौमा यंया पुन्हीको दिन र कसैले दसैंसम्म नचाएर बिसर्जन गर्छ ।

**लाखेलाई मासु र अण्डा नै किन ?**

लाखेलाई भैरवको रुपमा हामीले पूजा गर्छौं । रोट, समयबजी, कालो भट्ट, हाँसको अण्डा, रक्सी, बोका, राँगा, हाँस, कुखुरा परेवाको बली दिन्छौं, चढाउँछौं । यस्तो चलन किन भने भैरव पनि राक्षस जातिमा जन्मे पनि मानिसको उपकार गर्ने भएर हो र मासु नै राक्षसको मुख्य आहरा भएकोले मासु अण्डा चढाउनलाई नै काठमाडौंबासीले यंया पुन्हीको समयमा लाखे नचाउने गर्छ । त्यहीबेला आफन्त बोलाएर पितृको नाममा समयबजी खाने र बाँड्ने गरिन्छ ।

**लाखेको प्रेमिका**

तपाईं हामीलाई थाहा न हुन पनि सक्छ । लाखेको एउटी प्रेमिका पनि छ रे नाम थाहा छैन ! राजा गुणकामदेव भन्दा अगाडिको कुरो हो । एकदिन मजिपा घुम्दै जाँदा खेतमा एउटी तरुनी टण्टलापुर घाममा पसिना चुहाउँदै काम गर्दै गरेको देखे राम्री तिनलाई देख्ने बितिकै मजिपा लाखे प्रेमजालमा फसे । तरुनीको अगाडि मनुष्यको रुप धारण गरेर नजिक गएर कुराकानी गर्दै परिचय मागे । ति तरुनी गरिब आमाबाको एक्ली छोरी थिइन् । दिनभर खेतमा काम गरेर साँझ घरमा गएर खाना बनाएर खुवाउनु पथ्र्यो । यस्तै(यस्तै कुरा दिनहुँ जस्तो हुँदै दुबै एक आपसमा प्रेमजालमा फसे पछि एक दिन मजिपा केटी माग्न घरैमा गए । आफ्नो र केटीको मायाको सबै कुरा भनेर हात मागे बाबुआमाले यिनी राक्षस भएको थाहा पाएपछि छोरी दिन्न भने । मजिपाले रिसले भने छोरी नदिए जे पनि हुनसक्छ भनेर डर देखाउन थाले । डरले ती दम्पती सहयोग माग्न राजाकहाँ गए । मजिपा र केटि दुबैलाई बोलाएर के कसो हो भनी सोधैँ दुबैले सत्य कुरा बताए । एक अर्का बिना बाँच्न सक्दिन भने पछि राजाले तिमी राक्षस जातिको मानिसलाई सताउने मानिस मारेर खाने कसरी बिवाह गर्छौ ? यिनको लागि म जे गर्न पनि तैयार छु आजबाट सबै नराम्रो काम छोडिदिन्छु भनेर कसम खाई बाचा बन्धन गरेपछि राजाले दुबैको बिबाह गरिदिए ।

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रेटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मनमा हर्ष, उमङ्ग र उत्साह छाउने छ । स्वादिष्ट भोजनपनि पाईनेछ । | **तुला** : धन लाभपनि हुनेछ । मित्रबाट विशेष साथ र सहयोग मिल्नेछ । |
| **वृष** : अकस्मात् धन सम्पत्ति हात पर्ने छ । शुभकार्यको चर्चापनि चल्नेछ । | **वृश्चिक** : पारिवारिक समस्या आइपर्ला। विचार गरी निर्णय लिदाँ ठिक होला । |
| **मिथुन** : बुद्धिले लक्ष्य पहिल्याउन सकिने छ । बोलीले कार्य सम्पादन हुनेछ । | **धनु** : साहित्यिक क्षेत्रमा रूची बढ्नेछ। पारिवारिक सद्भा बढ्नेछ । |
| **कर्कट** : जोश जाँगर र हिम्मत बढ्नेछ । सुखद् यात्राको योजना बन्ला । | **मकर** : आफ्नो क्षेत्रमा हक जमाउन सकिनेछ । अतिथीको आगमन हुनेछ । |
| **सिंह** : इच्छा पूर्ण हुनेछन् । धनार्जनका नयाँ योजना र स्रोतहरू पत्ता लाग्नेछन् । | **कुम्भ** : व्यावसायिक काममा राम्रै फड्को मारिनेछ । तिर्थाटनको योगपनि छ । |
| **कन्या** : मनमा शान्ति कान्ति छाउनेछ । पारिवारिक साथ र सहयोग मिल्नेछ । | **मीन** : बोलीको विपरीत अर्थ लाग्नेछ । काम बिग्रने र प्रेममा मनमुटाव आउला । |

मनोरञ्जन

# नेपाली सिनेमामा राजनीतिक ‘टच’



केही वर्षयता राजनीतिक विषयले पनि सिनेमामा राम्रै स्थान पाउन थालेको छ । चलेका सिरिजदेखि नयाँ सिनेमासम्म राजनीतिक विषयले ठाउँ पाउन थालेको छ । राजनीतिलाई अब मेकरले चाहेर पनि नजरअन्दाज गर्न नसक्ने स्वयं चलचित्रकर्मी बताउँछन् । समाजका हरेक व्यक्ति र विषयमा राजनीति घुसेको लेखक तथा निर्देशक उपेन्द्र सुब्बाको भनाइ छ । “अहिले हरेक व्यक्ति र विषयमा राजनीति घुसेजस्तो लाग्छ । राजनीतिबाट कोही अछुतो रहन चाहेर पनि सक्छ जस्तो लाग्दैन,” उपेन्द्र भन्छन्, “यदि, समाजको कुनै पनि कथा लेख्ने हो भने, सिनेमामा देखाउने हो भने त्यसमा जोडिएर राजनीति आउँछ नै ।” कसैले सिनेमामा राजनीति देखाउँदिनँ भने त्यो कथा नै अपुरो र अधुरो हुने उनको धारणा छ । राजनीतिक कुरा भन्दिनँ, राजनीतिलाई ‘टच’ गर्दिनँ भनिए पनि समाजका हरेक विषयसँग त्यो आफैँ जोडिएर आउने उनको अनुभव छ ।

उपेन्द्र स्वयंले लेखेको चलचित्र ‘कबड्डी’ सिरिजमा समेत प्रेममा राजनीतिक विषय घुसाइएको छ । “समसामायिक विषयमा सिनेमा बनाउँछु भनेर कथा छनोट गर्दा त्यसमा तानिँदै आफैँ राजनीति आउँछ । राजनीति यसरी छिरेको छ, यसलाई चाहेर पनि बाइपास गर्न सकिँदैन,” उपेन्द्र अगाडि थप्छन्, “त्यसैले अहिले सिनेमामा केही न केही राजनीतिका दृश्य बाध्यात्मकजस्तै भइसकेका छन् ।” सिनेमाको कथा लेखनका हिसाबले हरेक विषय उत्तिकै कठिन र जटिल हुन्छ नै । राजनीतिक विषयवस्तुमा आधारित सिनेमा बनाउन पनि कठिन हुने उपेन्द्रको अनुभव छ । अक्सर नेपाली सिनेमा गाउँका कथामा बनाइने र त्यहाँ राजनीतिक विषयका सिन खिच्न निकै मुस्किल हुने उनी बताउँछन् । राजनीतिक विषय समावेश हुनेबित्तिकै सिनेमाको क्यानभास ठूलो हुने र त्यो खर्चिलो हुने उनी सुनाउँछन् ।

“राजनीतिक विषयमा सिनेमा बनाउँदा धेरैजसो गाउँका कथा आइरहेका छन् । गाउँमा अहिले ठूलो संख्यामा जनसंख्या छैन । दोस्रो कुरा, हरेक मान्छे आफ्नो काममा हुन्छन्, हाम्रो सुटिङ छ भनेर को आउँछ ?,” उनी भन्छन्, “राजनीतिक विषयको सिनेमा भन्नेबित्तिकै भाषण हुन्छ, ठूलो समूह चाहिन्छ । त्यसका लागि हामीलाई स्थानीयको ठूलो उपस्थिति हुनुपर्छ । यसका लागि मान्छेको अभाव हुन्छ । हामीले दिएको दुई/तीन सयले के नै हुन्छ र मान्छे आउनलाई ।” भाषण र नाराजुलुस सिनका लागि मान्छे जुटाउन सकस हुने आफ्नो अनुभव रहेको उपेन्द्र सुनाउँछन् । ठूलो क्यानभास, धेरै कलाकार र मास नै राजनीतिक विषयवस्तुका सिनेमाका लागि मुख्य चुनौती रहेको उनी बताउँछन् । निर्देशक कृषा चौलागाईं पनि निर्देशक उपेन्द्र सुब्बाको विचारमा सहमत छिन् । समाजको समसामयिक विषय उठान गर्दा कम्तीमा एउटा लेयर राजनीतिको हुने उनी बताउँछिन् । सिनेमा ‘ऐंचो पैंचो’मा पनि एउटा लेयर राजनीतिक रहेको कृषाले जानकारी गराइन् । कृषाकै शब्दमा उनको सिनेमा पारिवारिक-सामाजिक कथाको हो । यही कथा प्रस्तुत गर्दा एउटा लेयरका रूपमा राजनीति समावेश भएको उनी बताउँछिन् । “समाजमा बसेपछि कोही पनि राजनीतिबाट भाग्न सक्दैन । हरेक व्यक्तिसँग राजनीति जोडिएको हुन्छ । कथामा कम्तीमा एउटा लेयर त जोडिएर आउँछ,” उनी भन्छिन् । विषय छनोट गरिसकेपछि छायांकनमा न्याय गर्नुपर्नेमा उनको जोड छ । “कुनै पनि विषय समावेश गरिसकेपछि त्यसका लागि मानसिक रूपमा पनि तयार हुनुपर्छ । विषयलाई न्याय गर्ने प्रोडक्सन हुनैपर्छ । आर्थिक, मानसिक र प्रोडक्सन डिजाइनका हिसाबले पहिला नै तयार हुनुपर्छ,” उनी भन्छिन्, “दर्शकले चित्त बुझाउने क्यानभास हुनैपर्छ । आफूले जति काम गरेको छ, त्योभन्दा ठूलो क्यानभासमा काम गर्ने रहर हरेक मेकरमा हुन्छ । तर, सीमित स्रोतसाधन भए पनि हामीले विश्वसनीय क्यानभास भने तयार गर्नैपर्छ ।” अहिले नेपाली समाजको हरेक पक्ष राजनीतिसँग जोडिएको उनको बुझाइ छ । चाहेर पनि राजनीतिबाट कोही टाढा हुन नसक्ने उनी बताउँछिन् ।

‘छक्का पञ्जा-४’ पनि राजनीतिक विषयमा केन्द्रित सिनेमा थियो । भलै, यो चलचित्रको प्रस्तुति कमेडी थियो । गत वर्ष रिलिज गरिएका ‘पानी फोटो’, ‘दोख’, ‘प्रकाश’लगायत सिनेमामा पनि राजनीतिक लेयर कतै न कतै समावेश थियो । यो वर्षको लाइनअप हेर्दा पनि अरू विषयसँगै राजनीतिक सन्दर्भ जोडिएका सिनेमा थुप्रै छन् । ‘नाङ्गो गाउँ’ होस् वा ‘दिमाग खराब’ यी सिनेमा हार्डकोर राजनीतिक विषयका होइनन्, तर त्यो लेयर नभएको होइन । राजनीतिक उतारचढाव रहेको समाजमा सिनेमा, साहित्यको जन्म पनि त्यहीँभित्रबाट हुने कलाकार, लेखक तथा निर्माता खगेन्द्र लामिछाने बताउँछन् । लोकतान्त्रिक शासन व्यवस्था भए पनि तीव्र उतारचढाव रहेकाले त्यसैबाट सिनेमाका कथाहरूको जन्म भइरहेको उनको भनाइ छ । “हाम्रोमा प्रजातान्त्रिक शासन व्यवस्था भए पनि राजनीतिक स्थिरता छैन । अस्थिर राजनीतिमा आज पावरमा रहेको व्यक्ति भोलि हुँदैन । अचानक राजनीतिमा कसैको उदय र पतन भइरहेको हुन्छ,” खगेन्द्र भन्छन्, “कहिले स्वतन्त्र व्यक्तिको राजनीतिमा अनपेक्षित रूपमा आइरहेको हुन्छ । यस्तै घटना तथा विषयबाटै त आउने हो, कथा ।” सही होस् वा खराब राजनीति, त्यसकै सेरोफेरोमा रहेर सिनेमाका कथामा विषयले प्रवेश पाएको उनी बताउँछन् । १० वर्षे सशस्त्र द्वन्द्वका विषयमा अझै पनि सिनेमा बनाउने क्रम नरोकिएको दृष्टान्त उनी दिन्छन् । तीव्र राजनीतिक उतारचढावका कारण समाजमा भइरहेका राम्रा र नराम्रा घटना सिनेमामा समावेश भइरहेको उनको भनाइ छ । राजनीतिक विषय क्यानभासका हिसाबले खर्चिलो र गाह्रो हुने भए पनि मेकरले मिहिनेत गरिरहेको उनी सुनाउँछन् । “राजनीतिक विषयका सिनेमा खिच्न मास आवश्यक हुने भएकाले निकै कठिन हुन्छ । तर, जसरी हुन्छ मास जुटाएर खिच्ने प्रयास हाम्रा मेकरहरूले गरिरहनुभएको छ,” उनी भन्छन्, “हाम्रो बजेट, समय र बजारका हिसाबले सहज नभए पनि काम भइरहेको छ ।” सोसल, कमेडी, लभस्टोरीसँगै अरू केही जानरामा सिनेमा बनाइँदै छ । यसमा पछिल्लो समय राजनीतिक विषय पनि थपिएको उनी बताउँछन् । यो सकारात्मक पक्ष भएको उनको बुझाइ छ । “जतिसक्दो धेरै जानरामा सिनेमा बन्यो त्यति राम्रो हो । समाजमा हरेक च्वाइसका मान्छे हुन्छन् । फरक-फरक च्वाइस भएका दर्शकले फरक-फरक स्वादका सिनेमा हेर्ने हो,” खगेन्द्र भन्छन्, “फरक-फरक जानराका सिनेमा आउनु भनेको हाम्रो चलचित्र उद्योग फैलिनु पनि हो । जति धेरै विविधता हुन्छ त्यति नै छिटो सिनेमा उद्योग फस्टाउँदै जाने हो ।” विषयमा विविधता आउनुलाई सबैले स्वागत गर्नुपर्नेमा उनको जोड छ ।

अभिनेत्री स्वस्तिमा खड्का राजनीतिक विषयमा बनाइएका सिनेमा हेर्न दलका नेता तथा तिनका परिवारलाई आग्रह गर्छिन् । ‘ऐंचो पैंचो’को ट्रेलर सार्वजनिक कार्यक्रममा नेकपा (एकीकृत समाजवादी)का नेता प्रेम आले उपस्थित थिए । उनले नेताहरूलाई उक्त सिनेमा हेर्न आग्रह गरे । सँगै रहेकी स्वस्तिमाले दल र तिनका परिवारले पनि राजनीतिक विषय उठान गरिएका सिनेमा हेर्नुपर्ने बताएकी थिइन् । ‘समाजमा तपाईंहरूको आँखाले नदेखेको कुरा हाम्रो लेन्सले देखेको हुनसक्छ, त्यसैले राजनीतिक विषय उठान गरेका सिनेमा तपाईं (नेता)हरूले हेर्नुपर्छ भन्ने लाग्छ,’ उनले भनेकी थिइन् । सिनेमा सम्बन्धी केही कार्यक्रम र प्रिमियरमा राजनीतिक दलका नेताहरू देखिने गरेको उनले बताएकी थिइन् । हलमा गएर सिनेमा हेर्न पनि आग्रह गरेकी थिइन् ।

*-बाह्रखरी डटकम*

# ‘पशुपति प्रसाद २’ गीतमा आँचलको ‘ट्रान्सफर्मेसन’



रंगीन दुनियाँमा एउटा मान्यता के छ भने कलाकार भएपछि फिट हुनुपर्छ । चाहे त्यो फिल्मको चरित्रमा होस् वा शारीरिक हिसाबले । यसैले त प्राय: कलाकारहरु आफूलाई शारीरिक रुपमा फिट राख्न विभिन्न कुरामा ध्यान पुऱ्याउँछन् । विशेषगरी खानपिन । अझ अभिनेत्रीहरुमा त जिरो फिगरको ट्रेन्ड नै छ । यसका लागि उनीहरुले गर्ने त्याग, तपस्या र मेहनत कुनै युद्ध लडेभन्दा कम हुँदैन ।

अभिनेत्री आँचल शर्मालाई नै हेरौंन । चार दिन अगाडि युट्युबमा रिलिज भएको फिल्म ‘पशुपति प्रसाद २ : भष्मे डन’को ‘दुई चुल्ठी बाटन’ बोलको गीतका लागि आफ्नो शरीरमा ‘ट्रान्सफर्मेसन’ ल्याउन उनले एक महिना जति नुन बारेकी थिइन् । त्यस्तै, दिनहुँ जिम धाएकी थिइन् । फलत: उनको शरीरमा आएको ‘ट्रान्सफर्मेसन’ गीतमा स्पष्ट देखिन्छ । गीतमा उनी एकदमै स्लिम देखिएकी छन् । नुनले शरीरमा पानीको मात्रा बढाउँछ । तौल बढाउन यसको पनि भूमिका हुन्छ । उच्च नुनको सेवनले शरीरमा फ्याटको मात्रालाई समेत बढाउने गर्छ, जसका कारण शरीरको वजन स्वत: बढ्ने गर्छ । यसैले आँचलले ‘पशुपति प्रसाद २’को गीतमा आफूलाई स्लिम देखाउन खानेकुरामा नुन बारेकी थिइन् । श्रीमान् उदीप श्रेष्ठ पोषणविद् समेत भएकाले ‘डाइट प्लान’मा आँचललाई निकै सहज छ ।

‘पशुपति प्रसाद २’को गीतमा उनको सुन्दरता, नृत्य र फिटनेसलाई लिएर पनि गजब तारिफ भैरहेको छ । गीतको युट्युब कमेन्टमा एक महिला प्रशंसक लेख्छिन्, ‘कोरोना महामारीपछि अर्को तहमा गयो आँचल शर्माको एक्सप्रेशन । उनी हरेक फ्रेममा चम्किएकी छन् ।’

त्यस्तै, अर्का प्रशंसकको टिप्पणी छ, ‘आँचल एकदमै कामुक देखिएकी छन् । उनको चाल, रुप र एक्सप्रेशन गजब नै छ ।’ अघिल्लो वर्ष फिल्म ‘झिँगेदाउ’को सफलताले राहतको सास फेरेकी आँचलको हातमा अहिले पर्याप्त फिल्म छ । उनले गएको तीन महिनामा तीनवटा फिल्म सम्झौता गरिसकेकी छन् । यतिबेला उनको पाइपलाइनमा ‘डिग्री माइला : एमए थर्ड क्लास’, ‘पञ्चामृत’ र ‘ह्वाइट हाउस’ रहेका छन्, जसको उनले यही वर्ष छायांकन पूरा गर्नुपर्नेछ । यसले उनीप्रति मेकरको बढ्दो विश्वासलाई देखाउँछ ।

*-फिल्मी खबर डटकम*

# ‘हाम्रा फिल्मले शो नपाउनुमा हाम्रै कमजोरी हुन सक्छ’



अभिनेता दयाहाङ राईले विदेशी फिल्मको चेपुवामा परेर नेपाली फिल्मले शो पाउन नसकेको सन्दर्भमा टिप्पणी गरेका छन् । आफू अभिनित फिल्म ‘नांगो गाउँ’को प्रेसमिटमा बोल्दै राईले नेपाली फिल्मले गुणस्तर र प्रतिस्पर्धाबाटै शो पाउने क्षमताको विकास गर्नु जरुरी रहेको बताए । प्रतिस्पर्धा गर्ने अधिकार विदेशी फिल्मलाई पनि रहेको भन्दै उनले व्यवसाय गर्ने अधिकारबाट कसैलाई रोक्न नसकिने समेत बताए । ‘खुला बजारमा प्रतिस्पर्धा गर्ने अधिकार सबैलाई छ । नेपाली फिल्म आफैंले प्रतिस्पर्धा गरेर शो पाउने क्षमताको विकास गर्नुपर्छ,’ उनले भने ।

दयाहाङ अभिनित दुई ब्लकबस्टर फिल्महरु ‘कबड्डी’ श्रृंखला र ‘जारी’ले त्यतिबेला रिलिज भएका विदेशी फिल्मलाई महिनौंसम्म चुनौती दिएका थिए । उनले खुला बजारमा बिक्री हुने चीजको पछि नै मान्छे लाग्ने भएकाले खुला बजारमा प्रतिस्पर्धा नभए मजा नहुने समेत बताए । पटक-पटक नेपाली फिल्मले शो नै पाउन नसकेको गुनासोतर्फ लक्षित गर्दै दयाहाङले राम्रा फिल्म बनाउनुको विकल्प नरहेको बताए । सञ्चारकर्मीले उनलाई भदौ २९ गतेबाट प्रदर्शन हुन लागेको अर्को नेपाली फिल्म ‘एक भगवत् गीता’ र एक साताअघि रिलिज हुन लागेको बलिउड फिल्म ‘जवान’को रिलिजको सन्दर्भमा यो प्रश्न गरेका थिए । ‘हामीले राम्रो शो पाउने सिनेमा बनाउनुपऱ्यो । हाम्रा सिनेमाले मात्रै शो पाउने सिनेमा बनाउनुपऱ्यो । हाम्रो सिनेमाले शो नपाउनुमा हाम्रै कमजोरी हुन सक्छ,’ दयाहाङले भने, ‘कसैलाई काखा वा पाखा गर्नुपर्छ भन्ने मलाई लाग्दैन । कोटा प्रणालीमा जाने हो भने नीतिगत निर्णय गरेर जानुपर्छ ।’

*-अनलाइन खबर डटकम*

# रेखाले आगामी नयाँ वर्षमा दर्शकलाई उपहार दिने



रेखा थापाको निर्माण र ज्ञानेन्द्र देउजाको निर्देशन रहेको फिल्म ‘उपहार’ आगामी नयाँ बर्षमा रिलिज हुने भएको छ । निर्देशक देउजाले फिल्म २०८१ को छेको पारेर रिलिज हुने जानकारी दिए । केही अगाडि पशुपतिनाथ मन्दिरमा शुभमुहूर्त गर्दै छायांकन सुरु भएको फिल्मको अहिले काठमाडौंका विभिन्न स्थानमा छायांकन जारी छ । रेखा फिल्मस् र कपनगढी ब्यानरले संयुक्त रुपमा निर्माण गर्न लागेको फिल्म ४० दिनको सेड्युल सहित फ्लोरमा निस्किएको हो । फिल्ममा रेखा थापा, बेनिशा हमाल, पूजा शर्मा, मुकुन भुसाल, तेज गिरी, समर्पणजंग कार्की, शिशिर राना, अंशु थापा लगायतका कलाकारको अभिनय रहेनछ । अर्जुन पोखरेल र बाबुल गिरीको संगीत, कविराज गहतराजको नृत्य, विष्णु कल्पितको छायांकन र रोशन श्रेष्ठको एक्सन रहने फिल्ममा देव गुरुङको सम्पादन छ । फिल्मको बितरण जिम्मा उपत्यका भित्र रिच इन्टरटेनमेन्ट र उपत्यका बाहिर एफडि कम्पनीले गर्दैछ ।

*-रातोपाटी डटकम*

# वालिङमा मोतियाविन्दुको शल्यक्रिया सेवा



**वालिङ (स्याङ्जा),** भदौ १९/ स्याङ्जाको वालिङ स्थित गह्रौं प्राथमिक अस्पतालमा मोतियाविन्दुको शल्यक्रिया सेवा सुरुआत हुने भएको छ । यसका लागि हिमालय आँखा अस्पताल पोखरा र जिल्ला आँखा उपचार केन्द्रका बीचमा मासिक शल्यक्रिया सेवा सञ्चालन सम्बन्धी सम्झौता भएको छ । सो केन्द्र गह्रौं प्राथमिक अस्पतालमा सञ्चालनमा रहेको छ । आँखा उपचार सेवालाई विस्तार गरी सक्दो धेरै मानिसको पहुँचमा पुऱ्याउने उद्देश्यले ती संस्थाबीचमा सहकार्य भएको हो ।

सम्झौतापत्रमा हिमालय आँखा अस्पताल पोखराका प्राडा इलिया श्रेष्ठ र गह्रौं प्राथमिक अस्पताल वालिङका व्यवस्थापन समितिका अध्यक्ष दिलीपप्रताप खाँणबीच आइतबार पोखरामा हस्ताक्षर गरेका हुन् । सम्झौता भएको मितिले सुरुमा एक वर्ष र त्यसपछिका वर्षहरुमा सम्झौता अवधि नवीकरण गर्दै लैजाने सहमति दुई पक्षबीच भएको छ । गण्डकी प्रदेशका नागरिकमा आँखाको उपचारसम्बन्धी सहज पहुँच पुऱ्याउन सकियोस् भन्ने मुख्य उद्देश्यसहित वालिङबाट पनि मासिकरुपमा शल्यक्रिया सेवा दिने तयारी गरिएको हिमालय आँखा अस्पताल पोखराका प्रा.डा. श्रेष्ठले बताइन् । 'हिमालय आँखा अस्पताल पोखराबाट आँखाका विशेषज्ञ डाक्टरको टोली उपकरणसहित वालिङ गएर शल्यक्रिया सेवा दिन्छन्', उनले भनिन्, 'प्रत्येक महिनाको १२ गते शल्यक्रिया गर्छौं ।' विशेष गरी मोतियाविन्दुका बिरामीको आँखाको शल्यक्रिया गर्ने र आँखासम्बन्धी अन्य बिरामीलाई आवश्यक उपचार तथा परामर्श दिइने उनले बताइन् । एक दिनमा २०-३० जनासम्म बिरामीको आँखाको शल्यक्रिया गरिने छ । आँखाको शल्यक्रिया गर्नका लागि पोखरा तथा अन्य टाढाका अस्पतालमा जानुपर्ने बाध्यता हटेर गएको व्यवस्थापन समितिका अध्यक्ष खाँणले बताए । आँखाका विशेषज्ञ तथा डाक्टरको टोलीले वालिङमै आएर शल्यक्रिया सेवा दिने भएपछि टाढा जानुपर्ने झन्झटबाट मुक्त भएको उनको भनाइ थियो । 'शल्यक्रियाका लागि अस्पतालमा शल्यक्रिया कक्ष निर्माण गरी तयारी अवस्थामा छौँ' अध्यक्ष खाँणले भने, 'मासिकरुपमा मोतियाविन्दुको शल्यक्रिया सेवा आफ्नै ठाउँमा विस्तार भएपछि यस क्षेत्रका नागरिकमा अन्धोपना न्यूनीकरणमा सहयोग पुग्ने छ ।' दुई पक्षबीच भएको समझदारी पत्रमा मासिक मोतियाविन्दु शल्यक्रिया सेवा विस्तार गरी अन्धोपन न्यूनीकरण गर्ने, आँखा उपचार सम्बन्धी सेवा अभिवृद्धि गर्न सहकार्य गर्ने, गह्रौं प्राथमिक अस्पतालमा शल्यक्रिया कक्ष स्थापना गरी मासिक मोतियाविन्दुको शल्यक्रिया सेवा प्रदान गर्ने, सेवालाई दिगो र प्रभावकारी बनाउन दुवै पक्षले आवश्यक पहल गर्ने उल्लेख छ । अस्पतालमा आँखाका बिरामीको चाप बढ्दै गएको छ । यहाँ दैनिक ६०-७० जना आँखाका बिरामी दैनिक परीक्षण गर्न आउने गरेका गह्रौं प्राथमिक अस्पतालमा रहेको जिल्ला आँखा उपचार केन्द्रका प्रमुख तेज गुरुङले बताए । परीक्षणमा आउने बिरामीमा आँखाको शल्यक्रिया गर्नुपर्ने देखिएमा वालिङमा शल्यक्रिया सेवा नभएकाले जिल्ला बाहिर जानुपर्ने बाध्यता रहेको थियो । 'यहाँ आँखाको परीक्षण गर्न आएका बिरामीमा मोतियाविन्दुको लक्षण देखिएमा हामीले नाम संकलन गरी १२ गते शल्यक्रियाका लागि बोलाउँछौँ', उनले भने, 'मासिक २५-३० जनाको हाराहारीमा यहाँ मोतियाविन्दुका बिरामीलाई शल्यक्रियाका लागि अन्यत्र पठाउँदै आएका थियौँ ।' शल्यक्रिया सेवा अस्पतालमा सुरु हुने भएपछि यहाँका नागरिक अन्यत्र जान नपर्ने भएपछि सहज हुने भएको हो । हाल अस्पतालमा स्याङ्जासहित दक्षिण पर्वतको केही भेगका नागरिकले सेवा लिन पाउँछन् । ***-रासस***

खेलकुद समाचार

## भलिबल खेलाडीलाई पहिलो पटक मासिक तलब



**काठमाडौँ,** भदौ १९/नेपाली राष्ट्रिय पुरुष तथा महिला भलिबल खेलाडीले पहिलो पटक मासिक पारिश्रमिक पाएका छन् । अमेरिकामा रहेका पूर्व अन्तर्राष्ट्रिय खेलाडी खेलाडी, बिजेन ईन्टरप्रेनर र भलिबल प्रेमीको सहयोगमा नेपाल भलिबल संघले पहिलो पटक खेलाडीलाई मासिक पारिश्रमिक घोषणा गर्दै खेलाडीलाई पहिलो पारिश्रमिक वितरण समेत गरेको छ ।

संघले महिला तथा पुरुष राष्ट्रिय टिमका १२-१२ गरी २४ जनालाई ५-५ हजार प्रदान गरेको छ । अमेरिकामा रहेका दाताहरुले सेप्टेम्बर, अक्टोबर र नोभेम्बरको तलब संघको खातामा पठाइसकेका छन् । संघले मंगलबार तीन महिनाको एकमुष्ट तलब जनही १५ हजारका दरले खेलाडीलाई वितरण गरेको हो । संघले २४ खेलाडीका लागि तलब दिने छ । नेपाल भलिबल संघले यसलाई नेपाली भलिबल इतिहासमै ऐतिहासिक कार्य भएको दाबी गर्दै यसले खेलाडीलाई सहयोग पुग्ने बताएको छ । पहिलो मासिक तलब बुझेपछि खेलाडीहरुले खुसी व्यक्त गरे ।

महिला टिमकी कप्तान अरुणा शाहीले भनिन्, 'मैले खेल्न थालेको १४-१५ वर्ष भयो, पहिलो पटक यस्तो काम भएको छ ।' पुरुष टिमका कप्तान मानबहादुर श्रेष्ठले नेपाली भलिबलका लागि यो ऐतिहासिक दिन रहेको बताए । खेलाडीलाई तलब दिने भलिबल संघ चौथो हो । यसअघि फुटबल र क्रिकेट खेलाडीले मासिक तलब पाइरहेका छन् । बुद्धीचालका पुरुष र महिलातर्फका नम्बर वान् खेलाडीले पनि मासिक तलब पाउने गरेका छन् ।

अर्थ/कर्पोरेट/ समाचार

## नेप्से परिसूचकमा लाग्यो ओरालो



**पाल्पा,** भदौ १९/धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार मंगलबार नेप्से परिसूचक छ दशमलव ४५ अंकले ओरालो लागेर एक हजार नौ सय ६१ दशमलव ३७ मा सीमित भएको हो ।

कारोबारमा ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ४७ अंकले ओरालो लागेर तीन सय ७७ दशमलव २४ मा सीमित भएको छ । कारोबार भएका १३ उपसमूहमध्ये दुई उपसमूहको शेयर मूल्य उकालो लाग्दा ११ उपसमूहको शेयर मूल्यमा गिरावट भएको छ । विभिन्न कम्पनीका २४ लाख ८० हजार नौ सय २९ कित्ता शेयर रु ७९ करोड ६८ लाख ७० हजार चार सय आठ मूल्यमा खरिद बिक्री भएका छन् । नेप्सेका अनुसार, कारोबारका आधारमा हिमालयन एभरेष्ट इन्स्योरेन्स शीर्ष स्थानमा छ । सो कम्पनीको रु सात करोड ५८ लाख ९७ हजार सात सय ९३ बराबरको कारोबार भएको छ । कारोबारमा साल्ट ट्रेडिङ कर्पोरेसन रु दुई करोड ९५ लाख ८५ हजार चार सय ६५, आइएमई लाइफ इन्स्योरेन्स रु दुई करोड ८२ लाख ४१ हजार सात सय ५४, घोराही सिमेन्ट रु दुई करोड ८० लाख ४५ हजार पाँच सय ७० र एभरेष्ट बैंक रु दुई करोड ३६ लाख २९ हजार तीन सय २१ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् । एनएमबी माइक्रोफाइनान्स वित्तीय संस्थाको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । नेरुडे लघुवित्त नौ दशमलव ८५, इन्वा हाइड्रोपावर सात दशमलव ३२, साञ्जेन जलविद्युत् कम्पनी छ दशमलव ४८ र अप्पर सोलु हाइड्रोपावरका लगानीकर्ताले छ दशमलव ३९ प्रतिशतले कमाएका छन् । त्यस्तै, आरबिबी म्युचुअल फन्ड १०, लिबर्टी इनर्जी नौ दशमलव ९८, आशा लघुवित्त सात दशमलव ६१, आत्मनिर्भर लघुवित्त सात दशमलव १९ र बाराही हाइड्रोपावरका लगानीकर्ताले छ दशमलव ४७ प्रतिशतले गुमाएका छन् ।

# आज श्री कृष्णजन्माष्टमी...

...युद्धका क्रममा श्रीकृष्णले अर्जुनलाई दिएको उपदेश नै श्रीमद्भगवत गीताका रुपमा प्रचलित भएको छ । आजको दिन देशभरका कृष्ण मन्दिरहरुमा पूजा आराधना एवम् रथयात्रा र शोभायात्रा गरी श्रीकृष्ण जन्माष्टमी पर्व मनाउने गरिन्छ ।

विशेष गरी महिला व्रत बसी राति १२ बजे श्रीकृष्ण जन्मिएको सम्झनामा पूजा लगाउने र रातभर जाग्राम बसेर श्रीकृष्णको भक्ति संगीत गाउने गर्दछन् । सो गरेमा श्रीकृष्ण प्रसन्न भई मनोवाञ्छित फल प्राप्त हुने धार्मिक विश्वास रहेको छ । प्राचीन इतिहास अनुसार अवतार धारण गरेर करुणा-वरुणालय भगवान् कृष्णले भारतको जमीनलाई कृतार्थ बनाएका थिए । असुरहरुको उत्पीडनले भयभीत भएका जनताको रक्षाका लागि, दानवहरुको पञ्जामा फसेर वीभत्स भएको मानवताको उद्धारका लागि भगवान् कृष्णले आजको दिन नै वैकुण्ठको मोह त्यागेर कंसको कारागारमा बन्दी भएर अवतार धारण गरेका थिए । आजको दिन विभिन्न धार्मिक संघसंस्थाद्वारा श्रीकृष्णको झाँकीसहित शोभायात्रा तथा रथयात्रा निकाल्ने चलन छ । भगवान् श्रीकृष्णलाई ज्ञान, कर्म र भक्ति योगका संस्थापकका रूपमा मानिन्छ । धर्तीमा दुष्ट र पापीको अत्याचार रहँदा भगवान् श्रीकृष्णको धर्तीमा आउने र धर्मको उत्थान गर्ने भन्ने धार्मिक ग्रन्थमा उल्लेख गरिएको छ ।


## लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।

- लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाईटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ ।
- त्यसैले लामखुट्टेबाट बच्न आवश्यक उपायको अवलम्बन गरौं ।
- घरवरीपरी पानी जम्न नदिऔं ।
- घर तथा गोठ वरीपरी सफा सुग्घर राखौं ।
- गोठ तथा खोर घरभन्दा टाढा राखौं ।

***लामखुट्टेको टोकाईबाट बचौ र बचाऔं ।***



नेपाल सरकार
**विज्ञापन बोर्ड**



## अनुरोध

तानसेन स्कूल अफ हेल्थ साईन्स, तानसेन, पाल्पामा CMLT संकाय Open कोटाको एक सिट रिक्त रहेकोले उक्त कोटाको वैकल्पिक विद्यार्थीहरुले यहि मिति २०८० भद्रौ २४ गते भित्र सम्पर्क गर्न अनुरोध छ ।
विद्यार्थी भर्ना लिदा वरियता क्रम अनुसार लिइने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

विस्तृत जानकारीका लागि
**तानसेन स्कूल अफ हेल्थ साईन्स**
**तानसेन, पाल्पा**
**०७५-५२०१६६**



मनको आवाज............

**'नाम पनि यूनिक, काम पनि यूनिक'**

**यूनिक एफ.एम. ९४.२ मेगाहर्ज**

**विज्ञापनको लागि सम्पर्क :**
**यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.**
**तानसेन, पाल्पा**
**०७५-५२१८६४, ५२१८६६**
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई